# प्रेस विज्ञप्ती

भाद्र ०२, २०७९

## "१०.७५% एस.बि.एल. डिबेन्चर (ऋणपत्र) २०८९" नेप्सेमा सूचीकृत

सिद्धार्थ बैंक लिमिटेड र नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) बीच रु. चार अर्बको १० वर्ष अवधी भएको "१०.७५% एस.बि.एल. डिबेन्चर (ऋणपत्र) २०८९" को अंकित तथा चुक्ता मूल्य रु. १,०००।- कायम भएको कुल ४०,००,००० कित्ता ऋणपत्रको सूचीकरण गर्ने सम्झौता मिति २०७९/०४/३१ मा सम्पन्न भयो । बैंकले धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री कुमारी क्यापिटल मार्फत उक्त ऋणपत्र सर्वसाधारणको लागि खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारणमा निष्कासन गरिएको ४०,००,००० थान ऋणपत्र वितरण भई धितोपत्र विनियमावली, २०७५ बमोजिम मिति २०७९/०४/३१ मा नेप्सेमा सूचीकृत भएको सहर्ष जानकारी गराउँदछौं ।

उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुन्दर प्रसाद कडेल र नेप्सेको तर्फबाट नेप्सेका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर कार्कीले हस्ताक्षर गर्नुभएको थियो ।

उपरोक्त अनुसार सूचीकृत भएको "१०.७५% एस.बि.एल. डिबेन्चर (ऋणपत्र) २०८९" को नेप्सेमा दोस्रो बजार कारोबार मिति २०७९ भाद्र १ गते बाट शुरु हुने जानकारी गराउँदछौं ।